# पीसविन

## सुपरभाईजर वैठक प्रतिवेदन

**१) परियोजनाको नाम :** पीसविन अर्न्तगत सवै परियोजना

**२) क्रियाकलापको नाम :** सुपरभाईजर स्तरको प्रत्यक्ष र भर्चुअल वैठक

**३) बैठक मिति** : २ मार्च २०२३

**४) स्थान** : पीसविन केन्द्रीय कार्यालय मार्तडी,बाजुरा

**५) सहजकर्ता :** लाल वहादुर ओली (नीति संरक्षक)

**६) क्रियाकलापको पृष्ठभूमि :**

पीसविन बाजुरा २०४७ सालमा स्थापना भई २०४९ साल पौष ५ गते जिल्ला प्रशासन कार्यालय बाजुरामा दर्ता भएको एक सामाजिक गैर सरकारी संस्था हो । पीसविनले बालअधिकारको संरक्षण र प्रबर्द्धन, प्राथमिक शिक्षा, महिला नेतृत्व सीप विकास, सुशासन, जीविकोपार्जन, प्रकोपको असर व्यवस्थापन, स्वास्थ्यका क्षेत्रमा कार्यक्रमहरु केन्द्रित गरेको छ । संस्थाका आन्तरिक विभिन्न तहका बैठकमा संस्थागत र कार्यक्रमको अवस्था बारे छलफल र सुधारका उपाय पहिचान गर्नु पीसविनको निरन्तरको प्रक्रिया हो । यहिक्रममा मार्च महिना २०२३ मा सम्पन्न भएका क्रियाकलाप, आगामी दिनमा गरिने क्रियाकलापको योजना र अन्य विषयमा छलफल गर्नका २०२३ मार्च का दिन सुपरभाईजरस्तरको बैठक आयोजना गरियो । बैठकमा १० जनाको सहभागिता रहेकोथियो ।

**७) वैठकका प्रस्तावहरु :**

- स्वागत सम्बन्धमा
- परियोजनागत सम्पन्न क्रियाकलापमा छलफल
- SDO, प्रदेश मन्त्रालय र स्थानीय तहसँगको समन्वय र सहकार्य
- व्यानर र पोस्टरमा पीसविन र साझेदार संस्थाको लोगो राख्ने सम्बन्धमा
- सबै परियोजनाको कार्यक्रम मूलप्रवाहीकरण र एकीकृत रणनीति र योजना
- पीसविनको दिर्घकालिन रणनीतिक योजना सम्वन्धमा,
- कार्यक्रमगत अन्य बिषय

**८) वैठक संचालन प्रक्रिया :**

- **समय :** दिउँसोको ठिक २:३० वजे देखि ठीक ४:३० वजेसम्म
- **बैठकका सहभागी :** पीसविन अर्न्तगत सबै परियोजनाका सुपरभाईजर
- **बैठकको किसिम :** भर्चुअल र प्रत्यक्ष सहभागिता
- **विधि :** छलफल, अर्न्तक्रिया, प्रवचन र प्रर्दशन
- **बैठक संचालन र सहभागीलाई स्वागतः-** कार्यक्रम प्रवन्धक श्री धर्म बहादुर रोकाया

- **बैठकका एजेन्डा प्रस्तुति:** लाल बहादुर ओली र धर्म बहादुर रोकाया
- **परियोजनागत प्रस्तुति :** सबै परियोजनाका संयोजक
- **बैठको एजेन्डा छलफल र निर्णय:** सबै सहभागीहरु

**९) सम्पन्न कियाकलापका उपलब्धी:**

**सबै परियोजनागत सिकाई आदान प्रदान गर्ने उद्देश्यले पीसविन अन्तर्गत सबै परियोजनाका सुपरभाईजरको सक्रिय सहभागितामा भर्चुअल र प्रत्यक्ष वैठक संचालन गरी तपसिलको विषयमा छलफल भयो :**

- पीसविन अन्तर्गत सम्पूर्ण परियोजनामा सन् २०२३ मार्च महिनामा सम्पन्न क्रियाकलाप, भएका उपलब्धी, आएका समस्या र असल अभ्यासका बारेमा सबै परियोजनाका सुपरभाईजरहरुले प्रस्तुत गरी उक्त विषयवस्तुमा समीक्षा र सिकाई आदान-प्रदान गरियो । आगामी दिनमा अन्तरपरियोजना समन्वय गर्ने ।
- GBVPR लगायत अन्य परियोजनाको समुदायमा गर्ने क्रियाकलाप एउटै खाले मिल्ने कार्यक्रम भएकोले र सामाजिक विकास कार्यालय बाजुरासँग सामुदायिक संचेतनाका लागि बजेट पनि भएकोले आगामी दिनमा सामाजिक विकास कार्यालय बाजुरासँग सहकार्य गरी कार्यक्रम गर्ने ।
- सार्वजनिक संचार माध्यम र छापाखानामा प्रकाशन गर्न तयार पारिएका व्यानर र पोष्टरमासाझेदार संस्था र पीसविनको लोगो शुद्धशुद्धी हेरी प्रकाशन अथवा प्रिन्ट गर्ने ।
- पीसविन दीर्घकालिन रणनीतिक योजना २०२३ देखि २०२७ को बारेमा पीसविन सुपरभाईजरहरुले अध्ययन गरी सुझाब भए २०२३ अप्रिल १० भित्र कार्यक्रम प्रबन्धकलाई बुझाउने ।
- कार्यक्रमको मूलप्रवाहीकरणका लागि सबै परियोजना प्रमुखहरुले प्रदेश सामाजिक विकास मन्त्रालय र कार्यक्षेत्रका सबै स्थानीय सरकारसँग थप समन्वय र सहकार्य तथा सहयोग अभिबृद्धिमा ध्यान दिएर कार्यक्रम गर्नु ।
- पीसविन प्रदेश कार्यक्रम समन्वय कार्यालय, धनगढी कैलालीमा ELDS र GBVPR-II परियोजनाको कार्यक्रम एकीकृत गर्न र प्रदेशस्तरमा अन्य सरोकारवालासँगको समन्वय र सहकार्य गर्नक धनगढी कार्यालयले हेर्ने परियोजनाका परियोजना संयोजकको जिम्मेवारी बढाउनुपर्ने ।
- सबै परियोजनामा अझै कार्यसमिति सदस्यहरुले कार्यक्रमको फिल्ड अनुगमन गरी कार्यक्रमको प्रभावकारीता बढाउनुपर्ने ॥ साथै अनुगमन पश्चात कार्यक्रमको सुधारका लागि सम्बन्धित कर्मचारी र परियोजना प्रमुखसँग बसेर पृष्ठपोषण प्रदान गर्नुपर्ने ।

**१०) निश्कर्ष :**

पीसविन नेपाल अन्तर्गत सै परियोजनामा सन् २०२३ मार्च महिनामा सम्पन्न क्रियाकलाप, संख्यात्मक र गुणात्मक उपलब्धी, चुनौति, समस्या र समाधानका उपायहरु बारेमा छलफल भयो । सन् २०२३ मा प्राथमिकतामा राखेका कार्यहरुमा छलफल भयो । गतवर्षका असल अभ्यासका सिकाई आदान-प्रदा नगरियो । दीर्घकालिन रणनीतिक योजना तयारी २०२३ देखि २०२७ को बारेमा छलफल भयो ।